बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल

# बेलका नगरपालिका,

# उदयपुर

# बेलका नगरपालिकाको विनियोजन ऐन, २०८०

अशोक कार्की
नगर प्रमुख

बेलका नगरपालिका उदयपुरको आर्थिक वर्ष २०८०/८१ को सेवा तथा कार्यहरुको लागि स्थानीय सञ्चितकोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्न प्रस्ताव भएको विधेयक,

सभामा पेश भएको मिति — २०८०/०३/०७

सभावाट स्वीकृत मिति — २०८०/०३/०८

राजपत्रमा प्रकाशन मिति — २०८०/३/३०

प्रस्तावना

बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२९ (२) बमोजिम बेलका नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम बेलका नगरपालिका उदयपुरको विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन नगरसभावाट पारित तथा प्रमाणीकरण भई राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा

क. "नगरसभा" भन्नाले बेलका नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले बेलका नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "वडा समिति" भन्नाले बेलका नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ. "विषयगत शाखा" भन्नाले बेलका नगरपालिका अन्तरगतको शाखा, सचिवालय, ईकाई वा अन्य प्रशासनिक निकाय समेतलाई सम्झनु पर्दछ ।

ङ. "सञ्चितकोष" भन्नाले बेलका नगरपालिकाको सञ्चितकोषलाई सम्झनु पर्दछ ।

३. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चितकोषवाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त बेलका नगरपालिकाको वडा समिति, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यको निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च, पूजिगत खर्च र वित्तिय ब्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ७७,२५,०१,०००।— (अक्षेरुपी सतहत्तर करोड पचिस लाख एक हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषवाट खर्च गरिनेछ ।

४. विनियोजनः

(१) यस ऐनद्वारा सञ्चितकोषवाट खर्च गर्ने अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त बेलका नगरपालिका उदयपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यका निमित्त विनियोजन भएको रकम मध्ये कुनै शीर्षकमा वचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा नगर

काकी

कार्यपालिकाले बचत हुने शीर्षकवाट नपुग हुने शीर्षकमा रकमान्तर/शीर्षकान्तर गर्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा विनियोजित रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय ब्यवस्थातर्फ विनियोजितर रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शीर्षकतर्फ रकमान्तर/शीर्षकान्तर गर्न र वित्तिय ब्यवस्था अन्तरगत साँवा भुक्तानी तर्फ बिनियोजित रकम ब्याज भुक्तानी शीर्षकमा बाहेक अन्यत्र रकमान्तर/शीर्षकान्तर गर्न सकिने छैन । तर चालु र पूँजिगत खर्च र वित्तिय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सो शीर्षकमा जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरमा रकमान्तर/शीर्षकान्तर गर्नुपरेमा नगरसभाको स्वीकृति लिनुपर्नेछ ।

अनुसूचि १

दफा ३ संग सम्वन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषवाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षक नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय ब्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | आर्थिक विकास क्षेत्र | ६६००००० | ६००००० | ० | ७२००००० |
| २ | | सामाजिक विकास क्षेत्र | ५२१००००० | ४२००००० | ० | ५६३००००० |
| ३ | | पूर्वाधार विकास क्षेत्र | ११००००० | २००००००० | ० | २११००००० |
| ४ | | वन वातावरण तथा विपद ब्यवस्थापन क्षेत्र | ४७००००० | ५५००००० | ० | १०२००००० |
| ५ | | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ९१२००००० | ८०००००० | ० | ९९२००००० |
| ६ | | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | २३२००००० | ३००००० | ० | २३५००००० |
| ७ | | समपुरक तथा अन्य साझेदारी | ५०००००० | ७८३६४००० | ० | ८३३६४००० |
| ८ | | भुक्तानी बाकी दायित्व | ५०००००० | २२२३६००० | ० | २७२३६००० |
| ९ | | वडास्तरीय आयोजना तथा कार्यक्रम | १२०१५००० | २८०३५००० | ० | ४००५०००० |
| | | नगरपालिका तर्फ जम्मा | २१३०२५००० | १५५१२५००० | | ३६८१५०००० |
| १० | | संघीय सशर्त अनुदान | २७४१००००० | ४२६००००० | ० | ३१६७००००० |
| ११ | | प्रदेश सशर्त अनुदान | १४७५०००० | ९६८१००० | | १११५६००० |
| १२ | | संघीय समपुरक अनुदान | | १९०००००० | | १९०००००० |
| १३ | | प्रदेश समपुरक अनुदान | | १३०००००० | | १३०००००० |
| १४ | | संघीय विशेष अनुदान | | २००००००० | | २००००००० |
| १५ | | सडक बोर्ड | | ४०००००० | | ४०००००० |
| १६ | | विद्यालय निर्माण साझेदारी | | २००००००० | | २००००००० |
| १७ | | जि.स.स. वाट वडा नं ८ को लागि | | ४९५००० | | ४९५००० |
| | | सशर्त तर्फ जम्मा | | | | ४०४३५१००० |
| | | कुल जम्मा | | | | ७७२५०१००० |